# ९ नं. वडा शैक्षिक सुधार कार्यविधी २०७९

कुशे गाउँपालिका
थेपु भार्गा जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७४

प्रमाणित गर्नेको
नाम थर : शिवराज गिरी
पद : वडा अध्यक्ष
हस्ताक्षर :
मिति : २०७९।०

शिवराज गिरी
वडा अध्यक्ष

२०७९

# ९ नं. वडा शैक्षिक सुधार कार्यबिधि, २०७९

वडा कार्यसमिति बाट पारित मिति २०७९।०९।१०
प्रकाशित मिति २०७९।०९।१५

## प्रस्तावना

९ नं. वडा क्षेत्रभित्रका प्रत्येक नागरिकलाई जिम्मेवार, जवाफदेही, उत्तरदायी गर्दै सहिष्णुता, सदाचार, नैतिकता, मानविय मुल्यका साथ स्थानिय राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित भई घरपरिवार विद्यालय, समुदाय स्तर र शैक्षिक संस्थाबाट शैक्षिक सुधार गर्न वाञ्छनीय भएकाले नेपालको संविधान २०७२ स्थानिय स्वायत्त शासन २०७४ स्थानिय शिक्षा ऐन २०७४ को परिच्छेद ३ दफा नं. १९ उप दफा नं. २ को 'ङ ' अनुसार ९ नं. वडा शिक्षा समितिको मिति २०७९।०९।०९ गतेको बैठकले देहायको कार्यविधी बनाएको छ ।

## परिच्छेद १

१. संक्षिप्त नाम र प्रारम्भ :

१ यो कार्यविधीको नाम ९ नं. वडा शैक्षिक सुधार कार्यविधी २०७९ रहेको छ ।

२ यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

२ .परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस [redacted] कार्यविधिमा

(क) "शैक्षिक सुधार" भन्नाले ९ नं. वडा पालिका क्षेत्र भित्रको भु-भागमा संन्चालन भएका विद्यालय शिक्षण सुधारका लागी समुदायमा गरिने अभिभावक शिक्षा कार्यक्रम, समुदाय शिक्षा समिति मार्फत गरिने गतिविधी समुदाय शैक्षिक संघ,शिक्षण संस्था सम्झनुपर्छ ।

(ख) "लाभादायिक उपयोग" भन्नाले साधन र स्रोतले ल्याए सम्मा उचित रुपले गरिएको शैक्षिक सुधार सम्झनुपर्छ ।

(ग) " अनुमति प्राप्त व्यक्ति " भन्नाले शिक्षमा सुधार मा खटिने विद्यालय व्यवस्थापन, पदाधिकारी, शिक्षक, कर्मचारी समुदायक शैक्षिक संघ, अभिभावक संघ समुदायक शिक्षा समितिका पदधिकारिहरु चन्दादाता अभिभावकहरु सम्झनुपर्छ ।

(घ) वडा शिक्षा समिति भन्नाले दफा बमोजिम गठित शैक्षिक सुधार समिति सम्झनुर्पछ ।

(ङ) "समुदाय शिक्षा समिति" भन्नाले शैक्षिक सुधारका लागी गठित समितिका पदाधिकारी सम्झनुपर्दछ ।

(च) "समुदाय शैक्षिक महासंघ " भन्नाले समुदायमा गठित शैक्षिक सुधारका प्रत्येक सदस्य सम्झनु पर्दछ

## परिच्छेद २

### शैक्षिक सुधारको स्वामित्व

३. शैक्षिक सुधार स्वामित्व -

१. ९ नं.वडा पालिका भित्र रहेको शिक्षण संस्था नेपाल सरका प्रादेशिक सरकार, स्थानिय तह र ९ नं. वडा शिक्षा समितिको कार्यविधिमा निहित रहने छ ।

२. प्रचलित संघीय ,प्रदेश, स्थानिय तह र ९ नं.वडा कानुन बमोजिम शैक्षिक सुधार तथा व्यवस्थापन गर्ने अधिकार ९ नं. वडा शिक्षा समितिले सर्वपक्षेय समन्वयकारी भुमिकामा अगाडि बढाउने छ ।

ङ

## परिच्छेद ३

४. समुदाय शिक्षा समिति: भन्नाले औपचारीक अनौपचारीक वा अतिरिक्त शिक्षाको वृद्धि विकासका लागी समुदाय स्तरमा गठित तदअनुसारको समिति रहने छ ।

१ (क) शिक्षा प्रेमी वा समाजसेवी वा शैक्षिक चन्दादाता मध्येबाट — अध्यक्ष
(ख) स्वास्थ्य हेर्ने कर्मचारी वा स्वयं सेविका मध्येबाट एक जना — सदस्य
(ग) समुदाय वन समितिबाट सिफारीस भई आमका अध्यक्ष सहित दुई जना — सदस्य
(घ) बालकलबहरु मध्ये बाट केटा र केटी दुई जाना — सदस्य
(ङ) निर्वाचित जनप्रतिनिधि पदेन — सदस्य
(च) तिन जना समाज सेवि महिला — सदस्य
(छ) विद्यालय व्यवस्थापन समिति, शिक्षक आदिलाई पदेन सदस्यका रुपमा आमन्त्रीत गर्न सकिने छ सदस्य
(ज) विद्यालयको शिक्षक, कर्मचारी वा उच्च शैक्षिक योग्यता प्राप्त व्यक्ति एक जन — सदस्य सचिव

२ समुदाय शिक्षा समितिको काम:

(क) दुई महिनाको एक पटक बैठक बस्ने छ वा आवस्यकता को आधारमा बस्न सक्ने ।
(ख) शैक्षिक सुधारकालाई समुदायका, विद्यालयमा वा अन्य सरोकारवाला निकायमा सम्पर्क गरी शिक्षामा अधिकतम सुधार ल्याउने ।

५. समुदायक शैक्षिक संघ: शैक्षिक सुधारका लागी समुदाय स्तरमा शैक्षिक सुधार लागी समुदाय शैक्षिक संघ हुने छ ।

## परिच्छेद नं. ४

६. शिक्षक, विद्यार्थी र अभिभावक अन्तरक्रिया कार्यक्रम शिक्षण सुधारका लागी मासिक रुपले महिनाको एक पटक विद्यालयमा अन्तरक्रिया कार्यक्रम हुनेछ ।

## परिच्छेद ५

७. "अभिभावक शिक्षा कार्यक्रम" ९ नं. वडा साविक कर्णाली संग जोडिएको कर्णाली प्रदेश जाजरकोट जिल्ला कुशे गाउँपालिकाकको विकट क्षेत्र हो यहाँका जनसमुदाय लाई अभिभावक शिक्षा कार्यक्रम घर भेट गरि शिक्षामा सुधार गर्न तदअनुरुपका काम बाट अभिभावक र बालबालिकाहरुलाई सक्रिय बनाउन स्थानिय पाठयक्रममा जोडने

१ तपाईको अभिभावकले करेसाबारी निर्माण गरेबपात

क उत्तम गरेमा ५ नम्बर
ख मध्यम गरेमा ३ नम्बर
ग न्यून गरेमा २ नम्बर

२ विद्यार्थी नियामित विद्यालय पठाएमा

क ८० प्रतिशत भन्दा माथि भएमा ५ नम्बर
ख ५० प्रतिशत बाट ८० प्रतिशत भएमा ३ नम्बर
ग ५० प्रतिशत भन्दा कम भएमा २ नम्बर

३ अभिभावक आफनो बच्चाको रेखदेखको लागी समुदायमा र विद्यालयमा हुने गतिविधीमा महिनाको एक पटक सहभागी भइएमा

क ८० प्रतिशत भन्दा माथि भएमा ५ नम्बर
ख ५० प्रतिशत बाट ८० प्रतिशत भएमा ३ नम्बर
ग ५० प्रतिशत भन्दा कम भएमा २ नम्बर

समन्वयर्ता

## परिच्छेद ६

८. शैक्षिक सुधारका लागी हेलो अध्यक्ष कार्यक्रम सन्चालन गर्ने ।

(क) शिक्षण,शैक्षिक सुधारका लागी घर,परिवार, समुदाय र शिक्षण संस्था बिच समन्वयकारी भुमिका निर्भाह गर्ने छ ।
(ख) विद्यालय व्यवस्थापन समिति, समुदायक शिक्षा समिति, अभिभावक संघ, समुदाय शैक्षिक सुधार संघका पदाधिकारीहरुलाई शैक्षिक सुधारका लागी आवश्य सुधारका लागी परिचालन गर्ने छ ।
(ग) शिक्षामा गुणस्तर वृद्धि गरी स्थानिय करणमा वृद्धि गर्दै भुमण्डलीकरणमा प्रतिस्पार्धात्मक शिक्षा विकास गर्दै अन्वेसणमुखी शिक्षामा जोड ।
(घ) शैक्षिक सुधारका लागी अभिभावक सर्ग अध्यक्ष कार्यक्रम सन्चालन गरिने छ ।